फोन नं.: ०१-५५३२४४९
०१-५५४४३७७
Email: vhlecialitpur@gmail.com

प्रदेश सरकार
३ नं प्रदेश
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

लगनखेल, ललितपुर
(कार्य क्षेत्र- काठमाडौं, ललितपुर, भक्तपुर)

चलान नं. ०६
प.सं. ०६५/०६६

नेपाल सम्वत् ११३८

दक्षिणकाली नगरपालिका
दर्ता नं.: ११८०
दर्ता मिति: ८।९

मिति - २०७५/०७/२८

बिषय – राष्ट्पति उत्कृष्ठ कृषक पुरस्कार सम्बन्धमा ।

श्री दक्षिणकाली नगरपालिका पशुपन्छि शाखा।
काठमाडौं।ललितपुर ।

प्रस्तुत बिषयमा कृषि तथा पशुपन्छि बिकास मन्त्रालयको मिति २०७५।७।२६ के सुचना अनुसार राष्ट्पति उत्कृष्ठ कृषक पुरस्कारको लागी निबेदन माग को सुचनाको प्रति यसै साथ सम्लग्न राखि पठाईएको छ । उक्त सुचना सबैको जानकारीको लागि टास गरि पर्न अएको निबेदनहरु सकलन गरि सम्पर्क कार्यालयहरु माफर्त यस कार्यालयमा पठाई दिन हुन अनुरोध छ ।

बोधार्थ

श्री भेटेरिनरि अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र
सम्पर्क कार्यालय काठमाण्डौ । भक्तपुर ।

८५।८।१७
नारायण बहादुर
वरिष्ठ पशु बिकास अधिकृत

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा

राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारका लागि विवरण पेश गर्ने बारेको सूचना

सूचना प्रकाशन मिति: २०७५।०७।२६

कृषि पेशालाई व्यवसायिक, प्रतिस्पर्धी र मर्यादित पेशाका रुपमा विकास गर्ने र यसमा संलग्न उत्कृष्ट कृषकहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले विगतमा झैं आगामी आ.व. २०७५।७६ मा पनि जिल्लास्तर, प्रदेशस्तर र केन्द्रियस्तरमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन इच्छुक सम्पूर्ण कृषक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले २५ (पच्चीस) औं दिन भित्र सम्बन्धित कृषि ज्ञान केन्द्र, भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिका/ गाउँपालिकाको कार्यालयहरुमा तथा ३० (तीस) औं दिन भित्र सम्बन्धित कृषि ज्ञान केन्द्र (सचिवालय) मा नियमानुसार दरखास्त पेश गर्न हुन सूचित गरिन्छ । विस्तृत जानकारीका लागि नजिकको कृषि ज्ञान केन्द्र, भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिका/गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न समेत अनुरोध छ । यस सम्बन्धी सूचना स्थानिय पत्रपत्रिका रेडियो र अन्य संचारका माध्यमहरुबाट प्रकाशन र प्रचार प्रसार गर्ने गराउने व्यवस्था हुन प्रादेशिक भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र, भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिका/गाउँपालिकाको कार्यालयहरुलाई समेत अनुरोध गरिन्छ ।